# आ.व. २०८०/०८१ कार्तिक महिनाको मूल्य विश्लेषण प्रतिवेदन

## १.पृष्ठभूमिः

बजार मूल्यसँग सम्बन्धित तथ्याङ्क नै मुल्य तथ्याङ्क हो। यो आर्थिक क्षेत्रको एक महत्वपूर्ण औजार हो जसले बजारको अवस्थाको चित्रण गर्दछ। जस्तैः उपभोक्ताले उपभोग गर्ने वस्तु तथा सेवाहरूको आवधिक मूल्य, उत्पादकको मूल्य, कृषिजन्य बस्तुहरूको मूल्य, आयात वा निर्यात गरिएका वस्तुहरूको मूल्य, मूल्य सूचाकाङ्कहरू आदि। मूल्य धेरै किसिमका भएपनि आधारभूत मूल्य(Basic Price), उत्पादकको मूल्य(Producers' Price) र उपभोक्ताको मूल्य (Purchasers' Price) मुख्यहुन्।नेपालमा मूल्यसँग सम्बन्धित तथ्याङ्कहरू मुख्यतः नेपाल राष्ट्र बैङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उत्पादन र प्रकाशन हुने गरेका छन्।नेपाल राष्ट्र बैंकबाट Consumer Price Index (CPI), Wholesale Price Index(WPI), Salary and Wage Rate Index (SWRI) जस्ता तथ्याङ्कहरू प्रकाशन हुने गर्दछन भने राष्ट्रिय तथ्याङ्क कार्यालयबाट औद्योगिक मूल्य (Manufacturer's Price Index and Producer's Price Index), निर्माण सामाग्री मूल्य(IPICS) तथा कृषि उत्पादनको कृषक मूल्य(APPI) सम्बन्धी तथ्याङ्क संकलन र प्रकाशन हुने गरेका छन्।यी निकायहरुबाट प्रकाशित तथ्याङ्कहरु सूचकाङ्कमा मात्र केन्द्रित र वस्तुगत रुपमा मात्र हुने गरेको देखिन्छ।यस परिप्रेक्षमा आम उपभोक्तालाई बजारमा बस्तुको वास्तविक बिक्री मूल्य जानकारी प्रदान गर्ने मूल्य र मूल्यलाई प्रभाव पार्ने अन्य तत्वहरूको पनि समग्र जानकारी एकै स्थानबाट प्रदान गर्न यो प्रतिवेदन तयार गरिएको हो।

उपभोक्ता संरक्षणको क्षेत्रमा अत्यावश्यक वस्तुको मूल्य अनुगमन र विश्लेषण अपरिहार्य मानिन्छ।कुनै वस्तुको आकस्मिक तथा अस्वभाविक मूल्यमा बृद्धि भएमा Price Stabilization Fund Trust बाट उक्त वस्तुको अस्वभाविक मूल्यमा नियन्त्रण गरी उपभोक्ता संरक्षणमा योगदान दिने गरेको पाईन्छ।नेपालको सन्दर्भमा विगतका वर्षहरूमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकाका विभिन्न बजार केन्द्रहरूमा गई मूल्य सूची संकलन गरी चौमासिक रुपमा चौमासिक मूल्य विश्लेषण प्रतिवेदन प्रकाशन गरिने गरीएको थियो।यस आर्थिक वर्ष २०८०/.८१ को सुरुवातबाट नेपालभर रहेका वाणिज्य कार्यालयबाट यस विभागमा प्राप्त मासिक औषत मूल्य समेत समावेश गरी बजार मूल्यसँग सरोकार राख्ने सबैलाई मूल्यका अतिरिक्त मूल्यलाई प्रभाव पार्ने अन्य तत्व तथा तथ्याङ्कहरू पनि जानकारी प्रदान गर्ने उद्देश्यसाथ मासिक रुपमा यो प्रतिवेदन तयार गर्ने कार्यको सुरुवात गरिएको छ। यसमा समावेश भएका तथ्याङ्कहरू मध्ये केहि मासिक मूल्य विभाग आफैंले प्राथमिक तथ्याङ्कको रुपमा संकलन गर्नुका साथै यस विभाग अन्तरगतका पाँचवटा वाणिज्य कार्यालयबाट प्रत्येक महिना प्राप्त हुने मूल्य सम्बन्धी विवरण समेत प्राथमिक तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ भने यसका अलवा अधिकांश तथ्याङ्कहरू विभिन्न सरकारी निकाय, व्यापार सम्बद्ध संघसंस्था आदिबाट संकलन गरी द्वितियक तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ। यो मासिक विश्लेषणले आम उपभोक्ता अधिकारकर्मी, विद्यार्थी, अनुसन्धानकर्ताहरू तथा मूल्यसँग सरोकार राख्नुहुने सम्पुर्ण व्याक्तित्वहरुलाई सहयोगी सिद्ध हुने आशा राखिएको छ।

## २. मूल्यः

"मूल्य" भन्नाले कुनै उत्पादन, वस्तु वा सेवाको मौद्रिक विनिमय लाई बुझाउँछ।बजारमा किन्ने, बेच्ने वा व्यापार गर्ने कुनै पनि वस्तुलाई तोकिएको पैसा वा रकमले मूल्यलाई बुझाउँछ। यसले कुनै चीजको मौद्रिक मानलाई प्रतिनिधित्व गर्नुका साथै खरिदकर्ता र विक्रेताहरू बीचको विनिमय मूल्यलाई प्रतिबिम्बित गर्दछ। मूल्य आपूर्ति र माग, उत्पादन लागत, प्रतिस्पर्धा, बजार प्रवृत्ति, र उपभोक्ता प्राथमिकताहरू सहित विभिन्न कारकहरू द्वारा निर्धारण गरिन्छ।आर्थिक सर्तहरूमा, मूल्यले स्रोतहरू बाँडफाँड गर्न, उपभोक्ता व्यवहार निर्धारण गर्न र बजार गतिशीलतालाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ। यसले आपूर्ति र मागलाई सन्तुलनमा राख्ने संयन्त्रको रूपमा काम गर्दछ, साथै उत्पादकहरूलाई स्रोतहरू कुशलतापूर्वक बाँडफाँड गर्नको लागि संकेत गर्दछ।वस्तुको मूल्यले बजार मा उत्पादकहरु र उपभोक्ताहरु को निर्णयहरु लाई प्रभावित गर्ने गर्दछ।

## ३. मूल्यलाई प्रभाव पार्ने तत्वहरूः

बजारमा देखिएका विभिन्न प्रकारका तत्वहरूले मूल्यमा उतार चढाव देखिने गर्दछ। धेरै कारकतत्वहरूले उत्पादन, सेवा, वा वस्तुको मूल्यलाई असर गर्न सक्छ। जसमध्येकाकेही तत्वहरूको बारेमा यहाँ चर्चा गरिएको छ।

**आपूर्ति र मागः** आपूर्ति र माग बीचको सम्बन्ध मूल्यलाई प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण कारकहरू मध्ये एक हो। यदि माग आपूर्ति भन्दा बढि छ भने बजारमा मूल्य बढ्छ र आपूर्ति माग भन्दा बढि छ भने बजारमामूल्य घट्छ।

**उत्पादन लागतः** कच्चा माल सामान, श्रम, उत्पादन प्रकृया तथा उत्पादन भएको कूल परिमाणको लागतले वस्तुको मूल्य निर्धारण मा महत्वपूर्ण भूमिका खेल्छ। उच्च उत्पादन लागत भएमा अक्सर उच्च मूल्य रहेको पाईन्छ।

**प्रतिस्पर्धाः** बजारमा प्रतिस्पर्धाको स्तरले मूल्य निर्धारणलाई असर गर्न सक्छ। प्रतिस्पर्धी बजारमा, व्यवसायीहरूले ग्राहकहरूलाई आकर्षित गर्न मूल्य घटाउन सक्छन् भने एकाधिकारवादी वा कम प्रतिस्पर्धी बजारमा सामान्यतया बस्तुको मूल्य बढी रहने गरेको पाईन्छ।

**बजार सर्तहरूः** मुद्रास्फीति, मन्दी, वा आर्थिक वृद्धि जस्ता आर्थिक अवस्थाहरूले उपभोक्ताको क्रय शक्तिलाई प्रभाव पार्न सक्छ जसले गर्दा पनि मूल्यमा प्रत्यक्ष प्रभाव परेको हुन्छ।

**उपभोक्ताका प्राथमिकताहरूः** उपभोक्ताका प्राथमिकताहरू र प्रवृत्तिहरूले निश्चित उत्पादन वा सेवाहरूको मागमा परिवर्तन ल्याउन सक्छ, जसले गर्दा त्यससँग सम्बन्धित वस्तुहरूको मूल्यहरूलाई असर गर्न सक्दछ।

**ब्रान्ड र प्रतिष्ठाः** राम्रोसँग स्थापित ब्रान्ड तथा प्रतिष्ठाले गर्दा उक्त ब्राण्डवाटउत्पादित वस्तु को गुणस्तर को प्रभावका कारणले गर्दा बजारमूल्यमा फरकपन आउने गर्दछ।

**सरकारी नीति, नियम तथा करः** सरकारी तवर बाट जारी गरिएका विभिन्नवाणिज्य तथा उपभोक्ता हित संरक्षण सम्बन्धी नीतिहरू, नियमहरू, राजश्व, कर आदिका कारणले प्रत्यक्ष रूपमा मूल्यहरूलाई असर गर्दछन।

**मुद्रा विनिमय दरः** अन्तर्राष्ट्रिय रूपमा व्यापार गरिएका सामानहरूको लागि, मुद्रा विनिमय दरहरूमा हुने उतार-चढ़ावले आयात र निर्यात मूल्यहरूलाई असर गर्दछ।

**मौसमीताः** केही उत्पादन वा सेवाहरूमा मौसमी मागको उतार चढाव हुन्छ जसले मूल्य निर्धारणलाई असर गर्न सक्छ। उदाहरणका लागि, चाडपर्वको मौसममा बिदा-सम्बन्धित वस्तुहरूको मूल्य बढ्न सक्छ।

**पूँजीको लागतः** ऋण लिने पैसा र ब्याज दरहरूले मूल्य निर्धारण निर्णयहरूलाई प्रभाव पार्न सक्छ, विशेष गरी सामान उत्पादन गर्ने उद्योगहरूको पूँजीको लागतमा हुने घटवढले गर्दा मूल्यमा प्रत्यक्ष असर देखिने गर्दछ।

**प्रविधि को प्रयोगः** प्राविधिक प्रगतिहरूले गर्दा उत्पादन प्रक्रिया र लागतहरूलाई असर गर्न सक्छ, जसले मूल्य निर्धारण रणनीतिहरूलाई समेत प्रभाव गरी मूल्यमा असर गर्न सक्दछ।

**विश्वव्यापी घटनाहरूः** प्रमुख विश्वव्यापी घटनाहरू जस्तै प्राकृतिक प्रकोपहरू, भू-राजनीतिक द्वन्द्वहरू, र महामारीहरूले आपूर्ति शृङ्खलामा बाधा उत्पन्न भई मूल्यमा प्रभाव पुर्‍याउन सक्छन्।

**अनुमानित मूल्यः** उपभोक्ताहरू बीचको उत्पादन वा सेवाको कथित मूल्यले उनीहरूले तिर्न इच्छुक मूल्यलाई प्रभाव पार्न सक्छ। प्रभावकारी मार्केटिङ र ब्रान्डिङले यस धारणालाई प्रभाव पार्न सक्छ।

**बजार विभाजनः** विभिन्न बजार खण्डहरूमा आधारित मूल्यहरू भिन्न हुन सक्छन। एउटै सामानको मूल्य पनि फरक फरक खण्डमा फरक फरक हुने गर्दछ। जस्तै लक्जरी बजारहरू र सस्तो बजारहरू मा पर्ने बस्तुको मूल्यमा हुने फरकपनलाई बजार विभाजनबाट हुने मुल्य भिन्नताको संज्ञा दिन सकिन्छ।

**पेट्रोलियम पदार्थको मूल्यः** पेट्रोलियम पदार्थमा को मूल्यमा हुने उतारचढावले गर्दा बस्तुको ढुवानी मा लाग्ने खर्चमा घटबढ भई लागत खर्चमा प्रभाव पार्ने हुँदा मूल्यमा प्रभाव पार्ने गर्दछ।

## ४. उपभोग्य वस्तुको मूल्य नीतिः

खाद्यान्न लगायतका उपभोग्य वस्तुको मूल्यमा प्रवृद्धि हुँदै जाने बृत्तिलाई नियोजित र नियन्त्रित गर्न नेपाल सरकारले बजार अनुगमनलाई तीब्रता प्रदान गरेको तथ्य सर्वविदितै छ। बजार व्यवस्थापन र मूल्य नियन्त्रण गर्ने सरकारी नीति र कानूनी प्रावधानहरु रहेका छन्। उपभोक्ता संरक्षण ऐन, २०७५ तथा सो सम्बन्धी नियमावली, २०७६ मा सरकारको निर्देशन उल्लंघन

गर्नेलाई तत्काल कारबाही गर्न सकिने व्यबस्था समेत रहेको कुरा यस प्रसंगमा स्मरणीय छ। उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यबस्था भएअनुसारको वितरण प्रणाली विकास गर्न सरकारी संस्थाहरुको क्षमता बृद्धि गर्दै खाद्यान्न अभाव भएका क्षेत्रको पहिचान गरी आवश्यक खाद्यान्नको आपूर्ति गर्न सरकारले थप श्रोतको व्यवस्था गर्नु पर्दछ। त्यसको लागि भण्डारण क्षमताको वृद्धि गर्दै कम आय भएका तथा विपन्न वर्गको पहिचान गरी अभिलेख तयार गर्नु आवश्यक हुन आउँछ।

नेपालको खाद्यान्न उत्पादन तथा माग र आपूर्तिको विश्लेषण गरी बाह्य स्रोतबाट आयात गर्न, आन्तरिक उत्पादन वृद्धि गर्ने नीति/कार्यक्रम तर्फ ध्यान दिनु पनि आवश्यक छ। यसको लागि कृषि तथा पशुपंछी विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय बीचको सहकार्य र समन्वयमा आम बृद्धि गरी यसलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ।

सरकारबाट भएको बजार हस्तक्षेपले यस महिनाको खाद्यान्नको भाउ नियन्त्रण गर्न केही मद्दत मिलेको छ। तसर्थ भविष्यमा उक्त अनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई पनि सक्षम तुल्याउनु पर्छ। तरकारी, फलफूल लगायत खाद्यान्नको सन्दर्भमा उत्पादन मूल्य भन्दा विचौलिया (Middleman) ले गर्दा चर्को मूल्यबृद्धि भएको पुष्टि हुन आएको छ। कार्तिक महिनामा चामल, गोलभैंडा र प्याजको मूल्यमा बढी बृद्धि भएको पाईएको छ। यस्ता किसिमका प्रवृतिलाई निरुत्साहित गर्न व्यापारका विकल्पहरु संस्थान, सहकारी, व्यापारिक संजाल, साझेदारी जस्ता पद्धतिहरुको विकास गर्नु पनि आवश्यक छ। त्यस्तै मूल्यसूची नराख्ने पसलेलाई तत्काल दण्ड जरीवाना गर्ने व्यवस्था अनुसार जरिवाना गर्नुपर्दछ भने निश्चित मूल्यको व्यवस्था गर्नका लागि थोक बिक्रेताहरूले उपभोक्ता संरक्षणमा ध्यान दिई चर्को मूल्य बृद्धि हुनबाट रोक्न सहयोग गर्नुपनि त्यतिकै अपरिहार्य छ।

यसरी बजारको मूल्य निर्धारण स्वतन्त्र अर्थ-व्यवस्थामा प्रतिस्पर्धाको आधारमा हुने भनिएपनि देशको प्रशासनिक संरचनाले त्यसको लागि नियमन कार्यलाई प्राथमिकताका साथ सम्पादन गरेमा अनियन्त्रित बजारलाई व्यवस्थित गर्न सकिन्छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई त्यस कार्यमा सरकारी निकाय तथा उपभोक्ता संघ/संगठनहरुको सहयोग अपरिहार्य रहेको छ।

**<u>५. मूल्य नियण्त्रण गर्ने उपायहरूः</u>**

बजारमा विभिन्न कारणवाट मूल्यमा परिवर्तन आउने भएपनि सामान्यतया मूल्य मा अधिक उतार चढाव हुनबाट रोक्न तथा असामान्य रुपमा हुने मूल्यवृद्धि तथा कालोबजारी हुन नदिई मूल्य नियन्त्रणका लागि नेपाल सरकारका तर्फबाट विभिन्न नीतिगत, कानूनी संस्थागत तथा व्यवहारिक व्यबस्था भएको छ, जसले गर्दा मूल्य नियन्त्रणमा सरकारको प्रत्यक्ष हस्तक्षेपकारी भूमिका प्रदान गरिरहेको अवस्थामा यसको अलावा देहायबमोकिमका उपायहरू अपनाउँदा अझै मूल्य नियन्त्रणलाई प्रभावकारी बनाउन सकिन्छ।

- वस्तुको उत्पादनलाई बढावा दिने।
- वितरणकारी तहहरू कम गर्ने।
- आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने।
- सिण्डिकेट/कार्टेलिङ्गको अन्त्य गरी स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने।
- नियमित बजार अनुगमन कार्य गर्ने।

**<u>६. मूल्य तथ्याङ्कको महत्वः</u>**

हरेक तथ्याङ्कको जस्तै मुल्य सम्बन्धी आधिकारीक तथ्याङ्कको पनि आफ्नै महत्व रहेको छ। मूल्य तथ्याङ्कको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- विभिन्न वस्तु वा सेवाहरूको मूल्यमा आएको आवधिक परिवर्तनलाई मापन गर्न,
- उपलब्ध वस्तु तथा सेवाहरूको अवस्था यकिन गरी व्यापारिक गतिविधिको व्यवस्थापन गर्न,
- मुद्राको क्रय शक्ति क्षमता (Purchasing Power of Parity) मापन गर्न,
- विगत र वर्तमानको तथ्याङ्कबाट भविष्यको मूल्य प्रणाली प्रक्षेपण गर्न,
- आर्थिक नीति निर्माण, योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्न,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा मूल्यको तुलनात्मक अध्ययन गर्न,
- बजार अनुगमनको क्षेत्र पहिचान गर्न, आदि।

यसरी समग्रमा भन्दा मूल्य तथ्याङ्कको आर्थिक क्षेत्रमा अत्यन्त महत्वपूर्ण भूमिका रहेको देखिन्छ। कुनै पनि मुलुकको आर्थिक गतिविधिलाई यसले सूचकको रुपमा दर्शाउने काम गरेको हुन्छ। यस अर्थमा पनि यसले कुनै पनि देशको अर्थ व्यवस्थाको नियमन र नियन्त्रणमा सहयोग गर्दछ।

## ७. अत्यावश्यक वस्तुहरूको मासिक मूल्य समिक्षाः

### ७.१ बाणिज्य कार्यालयरूबाट संकलित मूल्य तथ्यांकः

मासिक रुपमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट २०८० साल कार्तिक महिनामा संकलन गरिएको मासिक औषत अधिकतम खुद्रा मूल्य यसप्रकार रहेको छ।

**तालिका नं.१ : वाणिज्य कार्यालयहरुबाट संकलित बजार मूल्यप्रतिकिलो रू**

| वस्तुकोनाम | धनगढी | विराटनगर | विरगंज | भैरहवा | नेपालगञ्ज |
|---|---|---|---|---|---|
| जनरल सोनामन्सुली | ६८ | ७५ | ६० | ६८ | ६५ |
| स्टिम जिरामसिनो | ८८ | ७८ | ८० | ८२ | ९० |
| जनरल जीरामसिनो | ९० | १०० | ७० | ८७ | ९० |
| बास्मती | २२७ | १४९ | १५५ | १७७ | १६५ |
| मोटा | ६० | ६० | १५५ | ९२ | ६० |
| मकै | १५८ | | १५० | १५४ | १६० |
| गहूँ | | | ४० | ४० | ६० |
| आँटा | ६० | ८० | ६० | ६७ | ७५ |
| मैदा | ६७ | ७९ | ६५ | ७० | ७० |
| सूजी | ८७ | ११० | ८० | ९२ | ११० |
| ताईचिन | ११५ | | १०० | १०८ | १२० |
| पातलो | ९० | ८० | ७० | ८० | ९० |
| मसुरो(मसिनो) | १६० | १२० | १५० | १४३ | १६० |
| मसुरो(मोटो) | १५४ | १४० | १४२ | १४५ | १५० |
| मास | १९३ | २०० | १७० | १८८ | १८० |
| रहर पोलिस | २६३ | | १७० | २१७ | २५० |
| रहरननपोलिस | २६४ | २७४ | २८० | २७३ | १८० |
| मुंगीखोस्टा भएको | १८७ | १५७ | २०० | १८१ | २०० |
| मुंगीखोस्टा नभएको | १९० | १७० | १६२ | १७४ | २१० |
| चना ठूलो | ११७ | २४० | १३५ | १६४ | १३० |
| चना मझौला | १२० | ११४ | १३२ | १२२ | १२० |

| वस्तुकोनाम | धनगढी | विराटनगर | विरगंज | भैरहवा | नेपालगञ्ज |
|---|---|---|---|---|---|
| सेतो केराउ | १४० | १३४ | १३१ | १३५ | १३० |
| बोडी | १५७ | १४० | १६७ | १५५ | १६० |
| राज्मा/सिमी | १९७ | २०० | १९५ | १९७ | १७० |
| काउली चना | २१७ | २०० | २३५ | २१७ | २४० |
| सानो केराउ | | | १२४ | १२४ | १३० |
| हरीयोकेराउ | १५७ | १३४ | १४० | १४४ | १३० |
| भटमास | १३५ | १९० | १५० | १५८ | १६० |
| चिनी मोटो | ११८ | १४५ | ८० | ११४ | ९५ |
| चिनी मसिनो | ११८ | ८७ | ८० | ९५ | ९५ |
| तोरी | २३० | २५० | १९५ | २२५ | ३०० |
| भटमास | १८० | १९० | १८५ | १८५ | २०० |
| सूर्यमूखी | २०० | १९४ | १९० | १९५ | २०५ |
| दुध गाईभैसी | ९० | ८४ | ९० | ८८ | १०० |
| दही | १४० | १४९ | १८० | १५६ | १४० |
| घ्यू | १२०० | १२५० | १२०० | १२१७ | १४०० |
| पनिर | ८०० | ८३४ | ७५० | ७९५ | ८५० |
| आलु (रातो) | ५० | ६३ | | ५७ | ४० |
| आलु (सेतो) | ३८ | ५३ | ५० | ४७ | ३० |

| वस्तुकोनाम | धनगढी | विराटनगर | विरगंज | भैरहवा | नेपालगञ्ज |
|---|---|---|---|---|---|
| काऊली | ९० | ३० | २५ | ४८ | ८० |
| जीरा | १२५० | ११५० | १२०० | १२०० | १२५० |
| धनिया गेडा | २१३ | १८० | १०० | १६४ | २०० |
| प्याज | ९० | ९७ | १०५ | ९७ | १०० |
| अदुवा | १३३ | १६० | २५० | १८१ | १२० |
| लसुनसुकेको | २५० | २९० | ३०० | २८० | २५० |
| खुर्सानी सुकेको | ४६० | ४८० | ४४२ | ४६१ | ५०० |
| खूर्सानी हरीयो | २३४ | १२० | १२० | १५८ | १०० |
| गोलभेंडा | ५६ | ६५ | ८० | ६७ | ८० |
| अण्डा | २० | १५ | १५ | १७ | १४ |
| खसी | १००० | ११०० | १०५० | १०५० | १००० |
| बोईलरकुखुरा | ४०८ | ३८० | ३०० | ३६३ | ४०० |
| केरा | ८८ | ७४ | १०० | ८७ | १०० |
| अनार | ४५५ | ३७५ | २०० | ३४३ | ४०० |
| स्याउ | ३०० | २०० | २०० | २३३ | २५० |
| सुन्तला | १३७ | १५० | १५५ | १४७ | १४० |
| अंगुर | ३०० | ३३४ | ४०० | ३४५ | ५०० |
| माछा (लोकल) | ५०० | ४०० | ४०० | ४३३ | ४०० |

| वस्तुकोनाम | धनगढी | विराटनगर | विरगंज | भैरहवा | नेपालगञ्ज |
|---|---|---|---|---|---|
| माछा (बाहिरको) | ४५० | | ३५० | ४०० | ३०० |


स्रोतः वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू

**७.२.१ बिभिन्न स्थानबाट संकलित मासिक औषतमूल्यको तुलनात्मक अध्ययनः**

**क) चामल**

यस आ.व. २०८०/०८१ को कार्तिक महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये चामलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


**चित्र.नं १: चामलको औषत मूल्य प्रतिकिलो रू.**




**ख) दाल**

यस आ.व. २०८०/०८१ को कार्तिक महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये दालको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


**चित्र नं २ : दालको औषत मूल्यप्रतिकिलो रू. मा**




**ग) गेडागुडी**

यस आ.व. २०८०/०८१ को कार्तिक महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये गेडागुडीको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ


### चित्र नं ३ गेडागुडीको औषत मूल्य प्रतिकिलो रू. मा




### घ) तरकारी/मसला

यस आ.व. २०८०/०८१ को कार्तिक महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये तरकारी/मसलाको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


### चित्र नं ४ तरकारी/मसलाको औषत मूल्य रू.मा




### ङ) फलफूल

यस आ.व. २०८०/०८१ को कार्तिक महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये मुख्य फलफूलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


चित्र नं. ५ : फलफूलको औषत मूल्य रू. मा




### च) माछा, मासु र अण्डा

यस आ.व. २०८०/०८१ को कार्तिक महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य माछा, मासु र अण्डाको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

चित्र नं. ६ : माछा, मासुको औषत मूल्य रू. मा




## ८. फलफूल तथा तरकारीको खुद्रा मूल्यको अवस्था

कालिमाटी फलफूल तथा तरकारी बजार व्यवस्थापन समितिले हरेक दिन त्यस बजारको तरकारी तथा फलफूलको थोक तथा खुद्रा मूल्य प्रकाशन गर्ने गर्दछ। यस विभागले हरेक आईतबारको फलफूल तथा तरकारीको औषत मूल्यलाई यस मूल्य विश्लेषण प्रयोजनका लागि प्रयोग गरेको छ। समिक्षा अवधिको हरेक आईतबारको औषत मूल्य, अधिकतम मूल्य र न्यूनतम मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.२ :तरकारी तथा फलफूलको खुद्रा मूल्य(प्रतिकिलो रू.मा)

| कृषिउपज | प्रति | कार्तिक ७ | कार्तिक १४ | कार्तिक २१ | कार्तिक २८ |
|---|---|---|---|---|---|
| गोलभेडा ठूलो(नेपाली) | के.जी. | ७५ | | ६५ | ५५ |
| गोलभेडा ठूलो(भारतीय) | के जी | ४५ | ४५ | ४९ | ५५ |

| कृषिउपज | प्रति | कार्तिक ७ | कार्तिक १४ | कार्तिक २१ | कार्तिक २८ |
|---|---|---|---|---|---|
| गोलभेडा सानो(लोकल) | के.जी | ५५ | २८ | ३९ | २८ |
| गोलभेडा सानो(टनेल) | के जी | ६७ | ३५ | ४४ | ४० |
| आलु रातो | केजी | ८३ | ७० | ६० | ५८ |
| आलु रातो(भारतीय) | के.जी | ३७ | ३६ | ३६ | ३६ |
| आलु सेतो | के.जी | ४८ | ६४ | ४१ | ३९ |
| प्याज सुकेको (भारतीय) | के.जी | ८८ | १०७ | ९५ | ९८ |
| गाजर(लोकल) | के.जी | १३० | ९८ | ८७ | ५५ |
| गाजर(तराई) | के.जी | ७५ | ७५ | ५५ | |
| बन्दा(लोकल) | केजी | ७५ | ६५ | ४६ | ४५ |
| काउली स्थानिय | के.जी | ११० | ८५ | ३५ | ३५ |
| मूला रातो | के.ज | ७५ | ५५ | ५५ | ३८ |
| मूला सेतो(लोकल) | के.जी | ३५ | १८ | | ९ |
| सेतो मूला(हाइब्रीड) | के.जी | ४५ | १८ | १८ | १२ |
| भन्टा लाम्चो | के.जी | ३५ | २२ | ३० | २३ |
| भन्टा डल्लो | केजी | ५७ | ४५ | ५५ | ४५ |
| बोडी(तने) | के.जी | ९५ | ७५ | ६५ | ४५ |
| मकै बोडी | केजी | ८७ | ७५ | ४७ | |
| मटरकोशा | केजी | २७५ | २२७ | १७५ | १५० |

| कृषिउपज | प्रति | कार्तिक ७ | कार्तिक १४ | कार्तिक २१ | कार्तिक २८ |
|---|---|---|---|---|---|
| घिउ सिमी(लोकल) | के.जी | २७ | १८ | १५ | २२ |
| घिउ सिमी(हाइब्रीड) | के.जी | २५ | १७ | १५ | २३ |
| घिउ सिमी(राजमा) | के.जी | २२५ | १३० | १३७ | ९५ |
| टाटे सिमी | के.जी | ६५ | ७५ | ४५ | ६७ |
| तितो करेला | के.जी | ८५ | ८५ | ८६ | ८५ |
| लौका | के.जी | ३७ | १८ | २५ | २३ |
| परवर(लोकल) | के.जी | ६७ | ४५ | ४७ | ५० |
| घिरौला | के.जी | ७५ | ३५ | ४५ | ४७ |
| फर्सी पाकेको | के.जी | ४० | ३५ | ३५ | ३५ |
| हरियो फर्सी(डल्लो) | के.जी | ६७ | ३५ | २५ | १३ |
| सलगम | केजी | ७७ | ७५ | ७७ | ७७ |
| भिण्डी | के.जी | ७७ | ६५ | ६५ | ७५ |
| सखरखण्ड | के.जी | ६५ | ६५ | ६७ | ५५ |
| बरेला | के.जी | ६५ | ५५ | २५ | २५ |
| पिंडालू | के.जी | ६५ | ५५ | ५० | ४५ |
| रायो साग | के.जी | ८७ | ३० | २४ | २५ |
| पालूगो साग | के.जी | २६५ | २३५ | ९३ | ८७ |
| चमसूरको साग | के जी | २६५ | १६५ | ७० | ६५ |

| कृषिउपज | प्रति | कार्तिक ७ | कार्तिक १४ | कार्तिक २१ | कार्तिक २८ |
|---|---|---|---|---|---|
| तोरीको साग | के.जी | ३५ | ३५ | ३५ | ३७ |
| मेथीको साग | के.जी | २६५ | २१० | ९० | ८७ |
| प्याज हरियो | के.जी | १३५ | १३३ | ८७ | ६७ |
| च्याउ(कन्य) | के.जी | १४५ | ६३ | ६० | ७० |
| च्याउ(डल्ले) | के.जी | ४३० | ३२७ | २७५ | ३७५ |
| कुरीलो | के.जी | ५७५ | ६२५ | १४५० | ९०० |
| ब्रोकाउली | के.जी | १२५ | ९५ | ६४ | ७५ |
| चुकुन्दर | के.जी | ७७ | ७५ | ७७ | ७७ |
| रातो बन्दा | के.जी | १७५ | १९० | १७५ | १७५ |
| जिरीको साग | के.जी | ८७ | १२५ | ८७ | ७७ |
| सेलरी | के.जी | ३७५ | ३७५ | ३२५ | १७५ |
| सौफको साग | के.जी | २६५ | २१० | ९० | ८७ |
| पुदीना | के जी | ४७५ | ४६७ | ३७५ | ४२५ |
| गान्टे मूला | के जी | ७७ | ७५ | ७७ | ७७ |
| इमली | के.जी | १४७ | १४५ | १४७ | १४७ |
| तामा | के.जी | ९७ | ९५ | ९७ | ९७ |
| तोफु | केजी | १२७ | १२५ | १२७ | १२७ |
| गुन्दुक | केजी | २७५ | २७५ | २७५ | २७५ |

| कृषिउपज | प्रति | कार्तिक ७ | कार्तिक १४ | कार्तिक २१ | कार्तिक २८ |
|---|---|---|---|---|---|
| स्याउ(झोले) | केजी | २९० | २३५ | २२५ | २१० |
| स्याउ(फूजी) | के.जी | ३३५ | ३३५ | ३३५ | ३३५ |
| केरा | दर्जन | १५७ | १४० | १७० | १७० |
| कागती | के.जी | १७५ | १४० | १४० | १३० |
| अनार | के.जी | ३७५ | ४२५ | ४२५ | ४५० |
| अंगुर(कालो) | के.जी | ४१० | ४१० | ४१० | ४१० |
| सुन्तला(नेपाली) | के.जी | | | | ८५ |
| सुन्तला(भारतीय) | के.जी | १३० | १३० | ११५ | ९५ |
| तरबुजा(हरियो) | के जी | ६७ | ६५ | ६७ | ६७ |
| मौसम | केजी | | | | ९७ |
| जुनार | के.जी | ३३५ | ३३५ | २३५ | २५० |
| भुई कटहर | के.जी | १६५ | १६५ | १६५ | १६५ |
| काक्रो(लोकल) | के.जी | ९५ | ७५ | ३० | ४५ |
| काक्रो(हाइब्रीड) | के.जी | ४७ | १८ | १३ | १३ |
| निबुवा | के जी | ४७ | ४५ | ४७ | ४७ |
| नासपाती(चाइनिज) | के जी | २३५ | २३५ | २२५ | २३५ |
| मेवा(नेपाली) | के जी | ५७ | | ६७ | ५५ |
| मेवा(भारतीय) | के.जी | ११७ | ११५ | १२७ | ९५ |

| कृषिउपज | प्रति | कार्तिक ७ | कार्तिक १४ | कार्तिक २१ | कार्तिक २८ |
|---|---|---|---|---|---|
| अम्बा | के.जी | ९० | ९५ | ११३ | १७५ |
| लप्सी | के.जी | ६७ | ६५ | ६६ | ५५ |
| किवि | के.जी | २५० | २५० | २२५ | १७५ |
| आभोकाडो | के.जी | २५० | २५० | २५० | २५० |
| अमला | के जी | ६७ | ६५ | ६० | ६५ |
| अदुवा | के जी | १४० | १७० | १६० | १५२ |
| खुर्सानी सुकेको | के जी | ४७५ | ४७५ | ४७५ | ४८० |
| खुर्सानी हरियो | के जी | १५५ | ८५ | ५५ | ७५ |
| खुर्सानी हरियो(बुलेट) | के.जी | १७० | ११० | ७५ | ७५ |
| खुर्सानी हरियो(अकबरे) | के जी | २५० | २७७ | २४० | २२५ |
| भेडे खुर्सानी | केजी | १५५ | १५५ | ६५ | ७५ |
| लसुन हरियो | के.जी | ४५० | ३७७ | २२५ | २१० |
| हरियो धनिया | के.जी | २२५ | १९० | १२५ | ९० |
| लसुन सुकेको चाइनिज | के.जी | २४५ | २५५ | २५६ | २९० |
| लसुन सुकेको नेपाली | के.जी | २९० | २९० | २९० | २९० |
| छ्यापी सुकेको | के जी | १९० | १९० | २१० | १९० |
| ताजा माछा(रहु) | के जी | ३६५ | ३६५ | ३७० | ३७० |
| ताजा माछा(बचुवा) | के.जी | २६५ | २७० | २७० | २७० |

| कृषिउपज | प्रति | कार्तिक ७ | कार्तिक १४ | कार्तिक २१ | कार्तिक २८ |
|---|---|---|---|---|---|
| ताजा माछा(छडी) | के.जी | २५० | २५० | २५० | २५० |
| ताजा माछा(मुंगरी) | के जी | २४० | २४५ | २१० | २१० |
| रुख टमाटर | के जी | १३० | १२५ | ११५ | १०७ |
| गोलभेडा ठूलो(नेपाली) | के जी | ७५ |  | ६५ | ५५ |
| गोलभेडा ठूलो(भारतीय) | के.जी | ४५ | ४५ | ४९ | ५५ |
| गोलभेडा सानो(लोकल) | के.जी | ५५ | २८ | ३९ | २८ |
| गोलभेडा सानो(टनेल) | के.जी | ६७ | ३५ | ४४ | ४० |
| आलु रातो | के.जी | ८३ | ७० | ६० | ५८ |
| आलु रातो(भारतीय) | के.जी | ३७ | ३६ | ३६ | ३६ |

स्रोत:kalimatimarket.gov.np/price

**८.१ समिक्षा अवधिमा उच्च मूल्य परिवर्तन भएका र स्थिर मूल्य कायम रहेका ५ तरकारी तथा फलफूल हरूः**

समिक्षाअवधिमा मूल्यमा अत्याधिक उतारचढाव आएका ५ तरकारी तथा फलफूलको न्यूनतम मूल्य, अधिकतम मूल्य र चौमासिक परिवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ : मूल्यमा उच्च परिवर्तन भएका ५ तरकारी तथा फलफूलहरू**

| क्र. सं | वस्तु | ईकाई | अधिकम | न्यूनतम | परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | हरियो फर्सी(डल्लो) | के.जी. | ६६.६७ | १२.५ | ५४.१७ | ४३३.३६ |

| क्र.सं | वस्तु | ईकाई | अधिकम | न्यूनतम | परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| २ | मूला सेतो(लोकल) | के.जी. | ३५ | ९.३३ | २५.६७ | २७५.१७ |
| ३ | काक्रो(हाइब्रीड) | के.जी. | ४६.६७ | १२.५ | ३४.१७ | २७३.३६ |
| ४ | सेतो मूला(हाइब्रीड) | के.जी. | ४५ | १२.४ | ३२.६ | २६२.९० |
| ५ | रायो साग | के.जी. | ८६.६७ | २४ | ६२.६७ | २६१.१२ |

त्यस्तै कार्तिक महिनामा मूल्य स्थिर रहेका तरकारी तथा फलफूलको मूल्यको अवस्था यसप्रकार रहेको छ।

**तालिका नं ४: मूल्य स्थिर रहेका ५ फलफूल तथा तरकारीहरु**

| क्र.सं | वस्तु | ईकाई | अधिकम | न्यूनतम | परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | गुन्दुक | केजी | २७५ | २७५ | ० | ० |
| २ | स्याउ(फूजी) | के.जी. | ३३५ | ३३५ | ० | ० |
| ३ | अंगुर(कालो) | केजी | ४१० | ४१० | ० | ० |
| ४ | भुई कटहर | प्रति गोटा | १६५ | १६५ | ० | ० |
| ५ | आभोकाडो | केजी | २५० | २५० | ० | ० |

## ९. खाद्यबस्तुहरूको थोक मूल्यको अवस्थाः

नेपाल खाद्य किराना व्यवसायी संघ काठमाडौंले नियमित रुपमा यस विभागलाई खाद्य तथा किराना समानहरुको ग्रेड अनुसारको थोक मूल्यसूची उपलब्ध गराउने गर्दछ। सोही मूल्यको आधारमा कार्तिक महिनाको मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ खाद्य बस्तुहरूको थोक मूल्य (रू.मा)**

| खाद्यबस्तुकोनाम | ईकाई | १ नं | २ नं | ३ नं |
|---|---|---|---|---|
| सोनाचामल(लोकल पुरानो) | (प्र ३०के.जी बोरा) | १९५० | १८५० | १७५० |
| सोना चामल (लोकल नयाँ) | (प्र.३०के.जी. बोरा) | १९०० | १८५० | १७५० |
| सोना चामलस्टिम पुरानो | (प्र.३०के.जी. बोरा) | २१५० | २१०० | २०५० |
| जिरा मसिनोनयाँ स्टिम | (प्र.२५के.जी. बोरा) | २०५० | २००० | १९५० |
| जिरा मसिनो (पुरानो) स्टिम | (प्र.२५के.जी. बोरा) | २३५० | २२५० | २२०० |
| लंगग्रेनचामल | (प्र.२०के.जी. बोरा) | ३३०० | ३१५० | ३००० |
| मुसुर दाल (विदेशी) | के.जी. | १४२ | १४० | १३५ |
| मुसुर दाल (नेपाली) | के.जी. | १५५ | १५० | १४५ |
| मास दाल | के.जी. | १९० | १८५ | १८० |
| मुंगीखोस्टा | के.जी. | १६५ | १६० | १५५ |
| मकै | के.जी. | १३५ | १३० | १२० |
| चना (विदेशी) | के.जी. | ११५ | ११० | १०५ |
| रहर दाल (पोलिस) | के.जी. | २१० | २०५ | १९० |
| रहर दाल (ननपोलिस) | के.जी. | २७० | २६० | २२० |
| सेतो भटमास (विदेशी) | के.जी. | १४५ | १३५ | १२५ |
| खैरो भटमास (लोकल) | के.जी. | १७० | १६५ | १३० |
| राजमा (छिर्के) | के.जी. | १३० | १२० | ११५ |
| राजमा (नेपाली) | के.जी. | २५० | २२५ | २१५ |
| चिउरा (मकवानपुरी) | (प्र.२०के.जी. बोरा) | १७०० | १६५० | १६०० |
| चिनी | के.जी. | | | |
| मैदा | (प्र.५०के.जी. बोरा) | ३२०० | ३१५० | ३०५० |
| आँटा | (प्र.५०के.जी. बोरा) | ३२०० | ३१०० | |

स्रोतः नेपाल खाद्य किराना व्यवसायी संघ, काठमाण्डौ

## १०. खाद्य बस्तुहरूको खुद्रा मूल्यको अवस्थाः

नेपाल खुद्रा व्यवसायी संघ काठमाडौं बाट नियमित रुपमा यस विभागलाई खाद्य तथा किराना समानहरूको ग्रेड अनुसारको खुद्रा मूल्य उपलब्ध हुने गर्दछ। सोही अनुसार कार्तिक महिनाको मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.६: खाद्य वस्तुहरुको खुद्रा मूल्य (रू.मा)**

| खाद्यबस्तुको नाम | कार्तिक१ को मूल्य | | कार्तिक१५ को मूल्य | |
|---|---|---|---|---|
| | १ नं | २ नं | १ नं | २ नं |
| त्रिशुलीको पोखरेलीचामल-प्रतिकिलो | १०५ | | १०५ | |
| स्टिम जिरा मसिनाचामल-प्रतिकिलो | ९५ | ९० | ९५ | ९० |
| लङ्ग ग्रेन वासमतिचामल-प्रतिकिलो | १७५ | | १७५ | |
| स्टिम सोनाचामल-प्रतिकिलो | | | | |
| ताइचिनचिउरा-प्रतिकिलो | १६० | | १६० | |
| तराई ताइचिनचिउरा-प्रतिकिलो | १०५ | | १०० | |
| म.पा.चिउरा-प्रतिकिलो | | | | |
| मास दाल-प्रतिकिलो | २१५ | २०० | २१५ | २०० |
| मुंगखोस्टा -प्रतिकिलो | १७५ | १५० | १७५ | १५० |
| मुसुर-प्रतिकिलो | १७० | १५५ | १७० | १५५ |
| मुंग गेडा-प्रतिकिलो | १६५ | | १६५ | |
| मुंग छाटा -प्रतिकिलो | १८० | | १८० | |
| रहर दाल -प्रतिकिलो | | | | |
| रहर दाल | २८० | | २८० | |
| चनादाल -प्रतिकिलो | १४० | १३० | १४० | १३० |
| भुटेको तोरीको तेल-प्रति लिटर | ३५० | | ३५० | |
| कांचो तोरीको तेल-प्रति लिटर | ३१० | २४० | ३१० | २४० |
| भटमास तेल-प्रति लिटर | १९५ | | १९५ | |
| सनफ्लावर तेल-प्रति लिटर | २०० | | २०० | |
| डाल्डा ध्यू-प्रति लिटर | २०५ | | २०५ | |
| नेपालीध्यू-प्रतिकिलो | १३५० | | १४०० | |
| खोरसानी पाउडर-प्रतिकिलो | ५५० | | ५५० | |
| जिरा पाउडर-प्रतिकिलो | १४०० | | १४०० | |
| धनिया पाउडर-प्रतिकिलो | ३७५ | | ३७५ | |
| बेसार पाउडर-प्रतिकिलो | ३५० | | ३५० | |
| चिनी-प्रतिकिलो | ११५ | | ११५ | |
| सेतो भटमास-प्रतिकिलो | २४५ | १५० | २४५ | १५० |
| कैलो भटमास-प्रतिकिलो | २०० | | २०० | |
| कालो भटमास-प्रतिकिलो | २६० | | २६० | |
| काबुलचना -प्रतिकिलो | २२० | | २२५ | २१० |

| खाद्यबस्तुको नाम | कार्तिक१ को मूल्य | | कार्तिक१५ को मूल्य | |
|---|---|---|---|---|
| | १ नं | २ नं | १ नं | २ नं |
| मौसमीचना-प्रतिकिलो | | | | |
| अ.फरम चना-प्रतिकिलो | | | | |
| सानो चनाप्रतिकिलो | १२० | | १२० | |
| सेतो केराउ-प्रतिकिलो | १५५ | | १५० | |
| हरियो केराउ-प्रतिकिलो | | | | |
| सानो केराउ-प्रतिकिलो | २२५ | १६० | २२५ | १६० |
| राजमा-प्रतिकिलो | २४० | | २४० | |
| छिरकी राजमा - प्रतिकिलो | २२० | | २२० | |
| सेतो सिमी-प्रतिकिलो | २२० | | २२० | |
| बोडी-प्रतिकिलो | १५० | १४० | १५० | १४० |
| मस्या¨-प्रतिकिलो | १४० | | १४० | |
| कैलो तिल-प्रतिकिलो | ३५० | | ३५० | |
| सेतो तिल-प्रतिकिलो | ४३० | | ४३० | |
| कालो तिल-प्रतिकिलो | ४०० | | ४०० | |
| गहुं-प्रतिकिलो | ६५ | | ६५ | |
| मकै-प्रतिकिलो | ५५ | ५० | ५५ | ५० |
| कोदो-प्रतिकिलो | ७५ | | ७५ | |

| खाद्यबस्तुको नाम | कार्तिक१ को मूल्य | | कार्तिक१५ को मूल्य | |
|---|---|---|---|---|
| | १ नं | २ नं | १ नं | २ नं |
| जौ-प्रतिकिलो | १०० | | १०० | |
| मैदा-प्रतिकिलो | ७० | | ७५ | ७० |
| आंटा-प्रतिकिलो | ७० | | ७० | |
| सुजी-प्रतिकिलो | ११० | | ११० | |
| मकै पिठो-प्रतिकिलो | ७० | | ७० | |
| चामल पिठो खस्रो-प्रतिकिलो | ८५ | | ८५ | |
| चामल पिठो मसिनो-प्रतिकिलो | १६० | | १६० | |
| बेसन-प्रतिकिलो | २०० | | २०० | |
| मस्यौरा-प्रति किलो | २२५ | | २२५ | |
| जिरा प्रतिकिलो | १२५० | | १२०० | |
| धनिया गेडा हरियो-प्रतिकिलो | २७५ | | २७५ | |
| मेथी-प्रतिकिलो | २१० | | २१० | |
| ज्वानो-प्रतिकिलो | ५०० | | ५०० | |
| गहत | | | | |
| कांचो बदाम-प्रतिकिलो | २६० | | २६० | |
| मुरली मकै | १६० | | १६० | |

स्रोतः नेपाल खुद्रा व्यवसायी संघ, काठमाण्डौ

## ११.  खाद्य वस्तुको मासिक औषत मूल्यको तुलना

बाणिज्य विभाग तथा वाणिज्य कार्यालयहरूबाटझ संकलित मूल्य अनुसार केही खाद्यवस्तुको मासिक औषत मूल्य रू. मा आएको परिवर्तन तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ७ प्रमुख काद्यवस्तुमा भएको परिवर्तन(प्रतिशतमा)**

| क्र.सं | वस्तुको नाम | ईकाई | असोज | कार्तिक | परिवर्तन (%) |
|---|---|---|---|---|---|
| १ | जनरल सोना मन्सुली | के.जी. | ७१.५३ | ६७.१३ | -६.१४ |
| २ | स्टिम जिरा मसिनो | के.जी. | ८५.३३ | ८३.६० | -२.०३ |
| ३ | जनरल जीरा मसिनो | के.जी. | ८६.०४ | ८७.३३ | १.५१ |
| ४ | बास्मती चामल | के.जी. | १७४.९४ | १७४.६० | -०.२० |
| ५ | मोटा चमल | के.जी. | ७७.०० | ८५.३३ | १०.८२ |
| ६ | मकै | के.जी. | १५१.१३ | १५५.५० | २.८९ |
| ७ | गहूँ | के.जी. | ५३.०० | ४६.६७ | -११.९५ |
| ८ | आँटा | के.जी. | ७०.५० | ६८.३३ | -३.०७ |
| ९ | मैदा | के.जी. | ६९.८३ | ७०.२७ | ०.६२ |
| १० | सूजी | के.जी. | ९०.८९ | ९५.८७ | ५.४८ |
| ११ | ताईचिन | के.जी. | १२३.०४ | ११०.६३ | -१०.०९ |
| १२ | पातलो चिउरा | के.जी. | ९५.०० | ८२.०० | -१३.६८ |
| १३ | मसुरो(मसिनो) | के.जी. | १५१.७५ | १४६.६७ | -३.३५ |
| १४ | मसुरो(मोटो) | के.जी. | १४७.०४ | १४६.२७ | -०.५३ |
| १५ | मास दाल | के.जी. | १८३.४२ | १८६.१३ | १.४८ |

स्रोतः बाणिज्य आपूर्ति तथा उइभोक्ता संरक्षण विभाग

प्रस्तुत तालिका अनुसार गत महिनासँग तुलना गर्दा मोटो चाललमा अत्याधिक १०.८२% मूल्यवृद्धि रहेको, पातलो चिउराकोको मूल्यमा सबैभन्दा वढी १३.६८% को गिरावट भएको तथा तुलना गरिएका कुनैपनि वस्तुको मूल्य स्थिर नरहेको देखिन्छ।

## १२. मूल्यलाई प्रभाव पार्ने अन्य तत्वहरुः

मूल्य आफैमा परिवर्तनशील तत्व होईन। कुनै पनि वस्तुको मूल्यलाई मूख्यतः वस्तुको माग र आपूर्तिले प्रभाव पार्ने गर्दछ। माग र आपूर्तिको अतिरिक्त वस्तुको मूल्यलाई इन्धनको मूल्य, विदेशी मुद्रा विनिमय दर आदि तत्वहरूले प्रभाव पार्दछ। ती मध्ये समिक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन तथा अमेरिकी डलरको विनिमय दरमा भएको परिवर्तनको बारे तल प्रस्तुत गरिएको छ।

### १२.१ पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन

` वस्तुको मूल्यलाई प्रभाव पार्ने तत्व मध्येको एक इन्धन अर्थात पेट्रोलियम पदार्थ हो। यस समिक्षा अवधिमा पेट्रोलिय पदार्थको मूल्यमा तिन पटक परिवर्तन भएको देखिन्छ। सो अवधिमा मूल्यमा भएको परिवर्तन तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८ः पेट्रोलियम पदार्थको मूल्य (रू.मा)**

| मिति | पेट्रोल | डिजेल | मट्टितेल | ग्यास | एविएशन फ्यूल(ड्यूटी) | एविएशन फ्यूल (ड्यूटीफ्री) |
|---|---|---|---|---|---|---|
| कार्तिक १४ | १७२ | १६४ | १६४ | १८९५ | १३६ | १०३५ |
| असोज २८ | १७२ | १६८ | १६८ | १८९५ | १३६ | १०३५ |
| असोज१४ | १८३ | १७३ | १७३ | १८९५ | १३६ | १०३५ |

स्रोतः www.noc.org.np/retailprice

### १२.२ अमेरिकी डलरको विनिमय दरमा भएको परिवर्तन


मूल्यलाई प्रभाव पार्ने अर्को महत्वपूर्ण तत्वमा विदेशी मुद्रा विनिमय दर पनि एक हो। विदेशी मुद्राको तुलनामा नेपाली पैसा कति बलियो छ अर्थात विदेशी मुद्रा खरिद गर्न नेपाली कति रुपैयाँ खर्च गर्नुपर्ने अवस्था छ, सो कुराले मुख्यतः आयातित वस्तुको मूल्य घटबढ असर गर्दछ। समिक्षा अवधिको १ अमेरिकी डलरको विनिमय दर (खरिद तथा बिक्री दर) तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ९ एक अमेरीकी डलरको विनिमय दर (रू.मा)**

| मिति | खरिददर | बिक्रिदर |
|---|---|---|
| भदौ ३१ | १३२।८ | १३३।४ |
| कार्तिक ७ | १३२।४ | १३३ |
| कार्तिक१४ | १३२।५७ | १३३।१७ |
| कार्तिक२१ | १३२।९७ | १३३।५७ |
| कार्तिक२८ | १३२।९७ | १३३।५७ |

स्रोत:www.nrb.org.np/forex

**चित्र नं ८: अमेरीकी विनिमय दरको उतार चढाव**




### १२.३ उत्पादन लागत तथा पूँजीको लागत अवस्था

यस महिनाको समिक्षा अवधिमा अमेरीकी डलरसँगको विनिमय दरमा वृद्धि भई नेपाली रुपैयाँको अवमूल्यन हुनु, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक दरमा वृद्धिले गर्दा उत्पादन लागतमा वृद्धि भएको छ।त्यस्तै बैंकको ब्याजदरमा समेत वृद्धि भएको हुँदा उद्योगहरुको पूँजीको लागतमा हुने मुल्य वढेको देखिन्छ।

### १२.४ समसामयिक घटनाक्रमहरू

यसका अलवा, श्रावण-भाद्र-असोज महिनामा कृषिजन्य वस्तुको उत्पादन कम हुने भएकाले भण्डारण लागत लाग्ने हुन्छ।हालको समिक्षा अवधि चाडवाडको समयमा भएकोले वस्तुको माग वढी भई मूल्यमा वढोत्तरी भएको छ।

त्यस्तै रुस र युक्रेनमा भएको द्वन्दको प्रभाव समेत नेपानी बजारमा परेको देखिन्छ।यसले गर्दा आयातित खानेतेलको मूल्यमा प्रत्यक्ष वृद्धि भएको छ।साथै भारत सरकारले विभिन्न वस्तुमा लगाउने करको दरमा हुने परिवर्तन, २०२३ जुलाई २० को निर्यात प्रतिवन्धले समेत नेपाली बजारमा ठूलो प्रभाव पारेको देखिन्छ।

## १३. सारांश

- आ.व. २०८०/०८१ को कार्तिक महिनामा संकलन गरिएका अत्यावश्यक वस्तुहरूको मूल्य सूचीको विश्लेषण गर्दा अधिकांश वस्तुमा सामान्य मूल्य वृद्धि भएको देखिन्छ।गत महिनामा भारतले वास्मती वाहेक अन्य प्रकृतिका चामलको नेपालमा निर्यात रोक लगाउने निर्णय गरेको कारण चामलको बजार मूल्यमा तथ्याङ्कीय आधारमा बढोत्तरी भएकोमा यस

महिनासम्म आईपुग्दा अघिल्लो महिना भन्दा प्रतिवोरा(३० के.जी)मा रू ५० देखि रु १०० सम्म घटेको छ।

- यस महिनाको समिक्षा अवधिमा अधिकांश तरकारी तथा फलफूलको मूल्य वृद्धि भएको देखिन्छ। यसका साथै तरकारीको मूल्यमा स्थिरता कायम नरहेको पनि देखिन्छ अर्थात तरकारीको मूल्यमा उच्चउतार चढाव रहेको देखिन्छ।
- त्यस्तै भदौ महिनाबाट भारतबाट आयात गरिने प्याजमा कर बृद्धि भएको कारणले गर्दा प्याजको मूल्यमा बढोत्तरी भई महिनाको अन्तनमा प्रतिकेजी औषत रू. ६६.६७ पुगेको छ। विभागको निरन्तर अनुगमन तथा कारवाहीको कारण उच्च मूल्यवृद्धिको विन्दुमा रहेको प्याजको मूल्य अपेक्षित रुपमा नियन्त्रणमा ल्याईएको छ।
- नेपाल खुद्रा व्यापार संघ काठमाडौंबाट प्राप्त तथ्याङ्क अनुसार चामलको मूल्यमा कार्तिक १ बाट कार्तिक १५ सम्ममा स्थिर रहेको देखिन्छ भने चना र दालको मूल्यमा सामान्य वृद्धि भएको देखिन्छ। त्यसैगरी सबै प्रकारका खाने तेलको मूल्य घटेको छ भने सानो केराउ, बोडी र राज्माको मूल्य स्थिर देखिन्छ। घ्यूको मूल्यमा केही बढोत्तरी देखिन्छ।
- खाद्यान्न वस्तुको उत्पादन गरेको अवधी देखि यस महिनामा भण्डारण गर्दा अन्न(Cereals) जन्य वस्तुहरू सुक्ने, तौल घट्ने, परजीविवाट नष्ट हुने तथा व्यवसायिक लागत पनि बढ्ने हुँदा सामान्य मूल्यबृद्धि हुने संभावना देखिन्छ। सामान्य मूल्य वृद्धि व्यवसायिक दृष्टिकोणबाट सापेक्षिक हुने भएतापनि उपभोक्ताको संरक्षणको हकमा विभागले प्रचलित कानूनको अधिनमा रही नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने हुन्छ।
- मूल्यलाई प्रभाव पार्ने तत्वहरू मध्ये पेट्रोलियम पदार्थको मूल्य अध्ययन गर्दा यस महिना डिजेल पेट्रोल र मट्टितेलको मूल्य घटेको, एल.पी. ग्यासको तथा एविएशन टर्वाईन फ्यूलको मूल्य स्थिर देखिएको हुँदा वस्तुको ढुवानीमा सामान्य प्रभाव परेको देखिन्छ।
- मूल्यलाई प्रभाव पार्ने अर्को तत्वमा विदेशी मुद्राको विनिमय पनि एक हो। यस महिना अवधिमा अमेरिकी डलरको मूल्य तुलनात्मक रुपमा बढेको देखिन्छ। यस महिनाको सुरुवातमा १ अमेरिकी डलरको मूल्य बराबर बिक्रि दर रू. १३३.५७ रहेकोमा अन्तमा बिक्रि दर रु. १३३.६५ पुगेको देखिन्छ। विदेशी मुद्राको विनिमय दरमा वृद्धिहुँदा प्रतीतपत्र जारी गरी तेस्रो मुलुकबाट अत्यावश्यक खाद्यान्न तथा अन्य वस्तुहरुको आयात मुल्यमा उतारचढाव आई लागत बढ्न सक्ने हुन्छ। फलस्वरुप वस्तुको खरिद लागत बढ्न गई उपभोक्ताले मूल्यवृद्धिको सामना गर्नुपर्ने अवस्था सृजना भएको छ।

## १४. मूल्य विश्लेषणको आधारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संसक्षण विभागले चाल्नुपर्ने कदमहरू:

बजारमूल्य मा हुने अत्याधिक उतार चढाव तथा कालोबजारी नियन्त्रणका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले साथै सरोकारवालाहरूले देहायका कदमहरू अवलम्बन गर्दा मूल्य नियन्त्रण तथा उपभोक्ता संरक्षण थप प्रभावकारी हुने देखिन्छ।

- ✓ उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित ऐन, नियम, निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन गर्ने,
- ✓ बजार अनुगमन सघन, नियमित, प्रभावकारी एवं प्रदर्शनीय प्रभाव पार्नेगरी सम्पादन गर्ने,

- ✓ पैठारी, उत्पादन तथा विक्री वितरण गरिने हरेक वस्तुमा अधिकतम खुद्रा मूल्य (MRP)अनिवार्य अंकित गर्ने,
- ✓ सिन्डिकेट, कार्टेलिङ, कालोबजारी जस्ता अपराध माथि शुन्य सहनशीलता अपनाई तुरुन्त कारवाहिको दायरामा ल्याई स्वच्छ, मर्यादित र उपभोक्तामैत्री बजार स्थापना गर्ने,
- ✓ पैठारीकर्ता, उत्पादक, वितरक तथा उपभोक्ता सबैले आ-आफ्नो कर्तव्य, दायित्व र अधिकारको परिपालना गर्ने,
- ✓ आम उपभोक्ताहरुमा उपभोक्ता संरक्षण र अधिकारको विषयमा सचेतना फैलाउन विविध चेतनामूलक कार्यक्रम संचालन गर्ने,
- ✓ विभागले आपूर्ति व्यवस्थापनको सूचना चुस्त, दुरुस्त राख्न सूचना प्रविधिको महत्तम उपयोग गर्ने,
- ✓ बजारको तह तथा वितरणका तहहरू निर्धारण गर्ने, तहहरूलाई यथासम्भव घटाउने,
- ✓ वस्तुको आयातमा निर्भर हुनुपर्ने वर्तमान अवस्थालाई न्यून गर्न उत्पादनमा जोड दिने,
- ✓ उपभोक्ता संरक्षणका क्षेत्रमा कार्य गर्ने संघ संस्था, उद्योगी व्यवसायी, वितरक र विभागबीच निरन्तर समन्वय, सहकार्य र अन्तरक्रिया गरी बजारलाई स्वच्छ, मर्यादित र मूल्य नियन्त्रण गर्न एकिवद्ध भएर कार्य गर्ने,
- ✓ तथ्यांकहरू नियमित संकलन, तथ्यांकको वैधता परिक्षण, प्रशोधन गरि नियमित रुपमा प्रकाशन गर्ने, उपभोक्तालाई सूसुचित गराउने तथा तथ्यमा आधारित नीति निर्माणलाई जोड दिने,
- ✓ उपभोक्ता संरक्षणसंग सम्बन्धित सवै सरकारी निकायहरुको नियमित समन्वय, छलफल र बैठक गरि कृतिम अभाव, मूल्य वृद्धि, न्यून विजकीकरण, कालोबजारी नियन्त्रण लगायतका कार्य नियन्त्रण गर्न सहकार्य गर्ने।

## सन्दर्भग्रन्थ सूची


- ➢ अत्यावश्यक वस्तुहरुको चौमासिक मूल्य विश्लेषण, दोस्रो चौमासिक २०७९/०८०, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहल, काठमाडौं।
- ➢ उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६।
- ➢ बजार अनुगमन निर्देशिका, २०७९, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- ➢ https://kalimatimarket.gov.np/price
- ➢ https://www.nrb.org.np/forex/
- ➢ www.noc.org.np/retailprice
- ➢ www.kbsnepal.org.np
- ➢ http://www.dairydev.com.np/